नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं

# काठमाण्डौ उपत्यकामा सम्पन्न अनुगमन निरीक्षण विवरण

मिति २०८३/०३/१४ गते आइतबारको दिन खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले घुम्ति प्रयोगशाला भ्यान सहित तीन अनुगमन टोली खटाई अनुगमन निरिक्षण गरेको छ। बिभागका महानिर्देशक सहित खटिएको टोलीले होटल/रेष्टुरेण्ट अनुगमन निरिक्षण गर्ने क्रममा का.म.न.पा.-१०, बानेश्वर स्थित आनन्द भुमि विजनेस् सेन्टरको स्टोरमा Cosmetic ग्रेडको rose water पाईए पश्चात: अनुसन्धानका लागि पाँच (५) दिन भित्र कागजात सहित बिभागमा उपस्थित हुन निर्देशन गरेको छ। र तेस्रो टोलीले भक्तपुर स्थित दुई (२) वटा डेरी उद्योग अनुगमन निरिक्षण गरी आवस्यक सुधारका लागि निर्देशन दिएको छ।

## टोली-१. होटल/रेष्टुरेण्ट अनुगमन निरिक्षण

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १. | कार्निभल रेष्ट्रो एण्ड मिटिङ्ग प्रा.लि., का.म.न.पा.-१०, थापागाँउ | • उपभोग्य मिति समाप्त भएको चारसय (४००) ग्रामको एक (१) थान र आधा प्रयोग गरिसकेको एक (१) थान अमुल चिज र लेवल नभएको आधा के.जी. पनिर पाईएको<br>• ढक्कन नभएको खुला फोहरदानीमा राखि फोहोर फाल्ने गरेको<br>• लेवल विवरण नलगाई खाद्य पदार्थ भण्डारण गरेको<br>• तेलको TPM परिक्षण गर्दा १९.० भई मापदण्ड अनुकूल पाईएको | • आफै ढक्कन लाग्ने फोहोरदानीको व्यवस्था मिलाउने<br>• पुर्ण लेवल बिवरण लगाएर मात्र खाद्य पदार्थ भण्डारण गर्ने<br>• उपभोग्य मिति समाप्त भएको कैफियतमा उल्लेख भएको खाद्य पदार्थ नष्ट गरिएको। |
| २. | आनन्द भुमि विजनेस् सेन्टर, का.म.न.पा.-१०, बानेश्वर | • उपभोग्य मिति समाप्त भएको कृतिम रङ्ग बुस दुई (२) प्योकेट* एकसय (१००) ग्राम, मिक्स फ्रुट जाम पाँचसय (५००) ग्राम, सेतो तोरिको दाना दुईसय (२००) ग्राम दुई (२) थान, कालो तोरी दुईसय (२००) ग्राम एक (१) थान, राजमा सिमी एक (१) के जि, चना बेसन पाँचसय (५००) ग्राम पाईएको<br>• Cosmetic Grade को "Gulamari premium rose water all skin" स्टोरमा भण्डारण गरी राखेको पाईएको<br>• फ्रिजमा राखिएका खाद्य पदार्थ पुर्ण लेबल विवरण नलगाई भण्डारण गरेको। | • कैफियतमा उल्लेख भएका उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ नष्ट गरियो,<br>• फ्रिजमा खाद्य पदार्थ भण्डारण गर्दा पुर्ण लेवल विवरण लगाएर भण्डारण गर्ने<br>• Cosmetic ग्रेडको rose water प्रयोग सम्बन्धमा थप अनुसन्धानका लागि पाँच (५) दिन भित्र कागजात सहित बिभागमा उपस्थित हुन निर्देशन गरियो। |

| | | | |
|---|---|---|---|
| | हैदरावादी मट्का दम बिरयानी सेन्टर प्रा.लि., का.म.न.पा.-१०, बानेश्वर | • खाद्य पदार्थ अव्यवस्थित तरिकाले भण्डारण गरेको<br>• ढक्कन नभएको खुला फोहरदानीमा राखि फोहोर फाल्ने गरेको,<br>• कृतिम रङ्गको प्रयोग गर्ने गरेको<br>• स्टोरमा पेष्ट कन्ट्रोलको लागि पर्याप्त व्यवस्था नभएको<br>• सरसफाई सामान्य रहेको। | • नियमित सरसफाई गरी खाद्य स्वच्छता कायम गर्ने<br>• फ्राई गर्ने खाद्य पदार्थमा कृतिम खाद्य रङ्ग प्रयोग नगर्ने<br>• स्टोर र फ्रिजमा खाद्य पदार्थ व्यवस्थित तरिकाले भण्डारण गर्ने<br>• आफै ढक्कन लाग्ने फोहोरदानीको व्यवस्था मिलाउने<br>• पेष्ट कन्ट्रोलको लागि व्यवस्था मिलाउने। |

Bsharma

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/१५

## अनुगमनका केहि झलकहरु








## टोली -२, घुम्ति प्रयोगशाला प्रयोग गरी विषादी अवशेष परीक्षण

दोस्रो टोलीले कालिमाटी फलफुल तथा तरकारी बजारबाट तरकारी तथा फलफुलको नमुना संकलन गरी जीवनाशक बिषादी अवशेष परिक्षण गर्दा २२ वटा बिभिन्न थरीका ताजा फलफुल तथा तरकारीमा परिक्षण प्रतिवेदन मापदण्ड अनुकुल पाईएको छ। कच्चा दुधमा मिसाबट परिक्षण गरेको अभिलेख नभएको पाइयो।

| क्र.सं. | अनुगमन स्थान | परीक्षण गरिएको खाद्य पदार्थको विवरण | स्रोत स्थान | संकलित नमुना संख्या | विश्लेषण नतिजा |
|---|---|---|---|---|---|
| 1. | कालिमाटी फलफुल तथा तरकारी बजार | फर्सी, भेडे खुर्सानी, गोलभेडा, परवल, घिरौला, बन्दाकोपी, लौका, भन्टा, करेला, हरियो खोर्सानी, बोडी, टाटे सिमी, आलु, स्याउ, केरा, ड्रागनफ्रुट, एभोगाडो, आप, च्याउ, आप, काक्रा, सिमी | मकवानपुर, घादिङ्ग, चितवन, रौतहट, नवलपरासी चीन, धनकुटा, रपन्देही, भक्तपुर, मुलपानी, गोदावरी, सर्लाहि, पाँचखाल, निवाकोट, सिन्धुपाल्चोक | २२ | अनुकुल |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/१५

### अनुगमनका केहि झलकहरु








## टोली-३. डेरी उद्योग अनुगमन

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १. | खरिपाटी डेरी प्रा.लि. चाँगुनारायण न.पा.-०५, भक्तपुर | • कामदारको व्यक्तिगत सरसफाई सन्तोषजनक नभएको<br>• प्रशोधन कक्षमा प्रयोगशालाको सामाग्री रहेको<br>• सरसफाई सामान्य रहेको<br>• फुट डिपको प्रयोग नगरेको<br>• दहि र बटर प्रशोधनको लागि अनुमति नलिएको<br>• प्रयोगशाला फ्याट, SNF, मिसावट जाँच गर्ने गरेको। | • प्रशोधन कक्षबाट प्रयोगशालाको सामाग्री हटाउन निर्देशन गरियो<br>• दहि र बटर उत्पादनका लागि खाद्य अनुमति पत्र लिन निर्देशन गरियो<br>• कामदारको व्यक्तिगत सरसफाई अन्तरगत Hairnet, gloves mask लगाउन निर्देशन गरियो।<br>• प्रयोगशाला परिक्षणका लागि प्रशोधित दुधको नमुना संकलन गरियो। |
| | सैंजु डेरी प्रा.लि., चाँगुनारायण न.पा.-०७, भक्तपुर | • पनिर, दहि बटर उत्पादनका लागि अनुमति नलिएको<br>• बटर Churner को मोटरमा खिया लागेको<br>• दहि प्रशोधन तथा प्याकेजिङ्ग गर्ने कक्ष खुला रहेको<br>• सरसफाई सामान्य गरेको<br>• कच्चा दुधमा मिसाबट परिक्षण गरेको अभिलेख नभएको। | • पनिर, बटर, दहि उत्पादनको लागि तत्काल खाद्य अनुमति पत्र लिन निर्देशन गरियो<br>• दहि प्रशोधन कक्ष पुर्ण रुपमा बन्द हुने व्यवस्था मिलाउने<br>• प्रयोगशाला प्रशोधित परिक्षणका लागि दुधको नमुना संकलन गरियो। |

Bsharma

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/१५

## अनुगमनका केहि झलकहरु






